नेपाल वायुसेवा

## प्रेस विज्ञप्ति

मितिः २०८२/०३/२३

नेपाल वायुसेवा निगमको सम्बन्धमा विद्युतीय समाचार माध्यम Onlinekhabar.com मा मिति २०८२/०३/२२ मा निगमको साखमा आँच आउने गरी प्रकाशित भएको **"वाइडवडी इन्जिन मर्मतमा चलखेल, ८ अर्बको टेन्डर प्रक्रियामा नगई कम्पनीसँग गोप्य सम्झौता"** शीर्षकको समाचार तथ्यहीन, भ्रामक र दुष्प्रचारजन्य भएको तथा यसमा कुनै सत्यता नरहेकोले उक्त समाचारबाट आम जनमानसमा सिर्जना भएको भ्रम निवारण गरी यथार्थ जानकारी दिनको लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

- सञ्चालनरत २ वटा वाइडवडी बिमानहरुको चारवटै इन्जिनहरु निकट भविष्यमा मर्मत सम्भार अनिवार्य रुपमा गर्नुपर्ने हुँदा सोको लागि श्री कार्यकारी अध्यक्षज्यूले CAM विभागका निर्देशक श्री महेशकुमार मरिताको संयोजकत्वमा मिति २०८१/११/१० तदनुसार २२ फेब्रुवरी,२०२५ मा सोही इन्जिनहरुको मर्मत सम्भारको साथ इन्जिन लिजमा लिन टेन्डर प्रक्रियाको लागि एक उपसमिति बनाई काम भईरहेको ।
- वाइडबडी बिमानमा भएका इन्जिनहरु Rolls Royce निर्माता कम्पनी Original Equipment Manufacturer (OEM) कै भएको र सोको मर्मत निगमको लागि पहिलो समेत भएको हुँदा यस्तो जटिल प्रकृतिको प्राविधिक विषय एवं मर्मतका लागि प्राविधिक जानकारी संकलन, मर्मत कार्यको समय र लागत आंकलन तथा बजार व्यवस्थापनको तयारी गर्न मात्र उक्त छलफल गरिएको हो । इन्जिनहरुको मर्मत कार्यमा ठूलो धनराशीको लगानी आवश्यक हुने हुँदा अनुभव संकलन तथा प्राविधिक पक्षहरुको जानकारीका लागि समेत निर्माता कम्पनीसँग सरसल्लाह गरी परिपक्व निर्णय लिई टेन्डर प्रक्रियामा जान सहज हुने निर्क्यौल निकालिएकोले मिति २९ अप्रिल, २०२५ मा Rolls Royce Singapore सँग विधिवत् रुपमा छलफल गर्न निगमको टोली सिंगापूर गएको हो । साथै उक्त Official Visit मा अन्य व्यवसायिक कार्यहरु पनि जोडिएकोले मलेसियास्थित विभिन्न निकायमा छलफल एवं बैठक गरिएको हो ।
- A 330 वाइडबडी जहाज मर्मत सम्भारमा लाग्ने समयको आँकलन गरी सोही अनुसारको उडान सेड्युलिङ्ग गरी बजार व्यवस्थापन गर्न/गराउन उक्त बैठकमा निगमको बजार व्यवस्थापन विभागका निर्देशकको उपस्थिति भएको तथा Rolls Royce सँगको छलफलमा अन्तर्राष्ट्रिय कानूनी जटिलताको गम्भिर अध्ययन गर्नुपर्ने भएकोले वरिष्ठ कानूनी सल्लाहकारको समेत सहभागीता भएको हो । उक्त भ्रमणको समयमा CAM विभागको निर्देशक श्री महेश कुमार मरिता निगमको A 320 जहाजको C-Check को सिलसिलामा चीनको Shenyang मा रहनुभएकोले CAM विभागका जिम्मेवार पदाधिकारी निमित्त निर्देशक श्री ज्ञान बहादुर कुँवर निगमको टोलीमा संलग्न भई Rolls Royce सँग सिंगापुरमा भएको छलफलमा सहभागीता जनाउनु भएको हो ।
- Rolls Royce सँग व्यवसायिक छलफल गर्दा अन्तर्राष्ट्रिय प्रचलन अनुसार नै Rolls Royce ले छलफलका लागि Non-Disclosure Agreement (NDA) गर्नुपर्ने जनाएपछि NDA गरी निगम टोलीले सहभागीता जनाएको हो ।
- सोही भ्रमणमा निगमको सिड्नी सेड्युल उडान तयारीको लागि सिंगापुरमा टेक्निकल ल्यान्डिङ गर्न/यात्रुसेवा दिने प्रयोजनार्थ Singapore Changi Airport मा समेत बैठक गरिएको हुँदा टोलीमा विभिन्न विभाग एवं वरिष्ठ कानूनी सल्लाहकारको सहभागीता गराइएको हो ।

नेपाल वायुसेवा निगम, पो.ब.नं. ४०१, काठमाडौं, नेपाल, फोनः ४२२०७५७ फ्याक्स : ०१-४२२५३४८
Email: general@nac.com.np, info@nac.com.np, Web: www.nepalairlines.com.np

नेपाल वायुसेवा

- Rolls Royce सँग भएको महत्वपूर्ण छलफलमा प्राविधिक लगायत सोसँग जोडिएका टेन्डर तयारीका लागि अपनाउनुपर्ने विविध पक्षहरुको बारेमा अर्न्तक्रिया गरिएको थियो । उक्त छलफलमा Rolls Royce ले Engine मर्मतका जटिल प्राविधिक पक्षहरु र मर्मतमा अपनाउनुपर्ने सतर्कता तथा विधिहरुको बारेमा विस्तृत जानकारी उपलब्ध गराउनुका साथै इन्जिन निर्माता कम्पनीका हैसियतले निगमलाई आवश्यक सहयोग उपलब्ध गराउने प्रतिवद्धता जनाएको थियो ।
- निगमले लिज सहितको इन्जिन मर्मत सम्भार गर्न CAM विभागका निर्देशकको संयोजकत्वमा गठित उपसमितिले Tender Document तयार गरी बोलपत्रको माध्यमबाट इन्जिन लिज सहित मर्मत सम्भारको प्रक्रिया प्रकाशित गर्न अन्तिम चरणमा पुगेकोलाई अनलाइन खबर विद्युतीय समाचार जस्तो लोकप्रिय माध्यमबाट कपोलकल्पित र भ्रामक समाचार सम्प्रेषण गरी जनमानसमा भ्रम सिर्जना गर्नु अत्यन्तै खेदजनक कार्य हो ।
- नेपाल वायुसेवा निगमको आर्थिक विनियमावली, २०६५ को विनियम २१८ मा "निगमले इन्जिनको मर्मत कार्य गर्दा OEM लाई प्राथमिकतामा राखी गर्नुपर्नेछ" भन्ने प्रावधान भएतापनि ठूलो लगानीको मर्मत सम्भार कार्य निगमले पारदर्शीता एवं स्वच्छ प्रतिस्पर्धा कायम राख्नकै लागि इन्जिन मर्मत सम्भार तथा लिजमा लिन टेन्डर प्रक्रियाको लागि काम भईरहेको जानकारी गराइन्छ ।
- Rolls Royce सँग पारदर्शी रुपमा प्राविधिक पक्षको जानकारी लिने कार्य CAM विभागको जिम्मेवार पदाधिकारी निमित्त निर्देशक समेतको सहभागीतामा भएको बैठकको सामान्य व्यवसायिक विषयलाई निगमको साख बिगार्ने नियतसाथ भएको कपोलकल्पित समाचार छपाउने कार्य खेदजनक छ ।
- ठूलो लगानीको इन्जिन मर्मत जस्तो जटिल र समय लाग्ने प्राविधिक कार्यलाई Tender प्रक्रियामा रहेको उपसमितिलाई समेत आवश्यक पर्ने महत्वपूर्ण प्राविधिक विषय एवं खरिद योजना र लागत अनुमान लगायतका प्राविधिक विषयवस्तु समेट्ने प्रयोजनका लागि भएको OEM सँगको छलफललाई बदनीयतसाथ छापामा ल्याउनु निगमको पारदर्शी कर्मको समेत मानमर्दन गरेको बुझिएको छ ।

अतः अन्तर्राष्ट्रिय व्यवसायिक प्रचलनअनुसार गरिने NDA र मर्मत सम्भारको लागि गरिने सम्झौताको अर्थ समेत नबुझी निगमको गरिमा र साखलाई आघात पर्नेगरि आधारहीन र भ्रामक समाचार लेख्नु लेखाउनु आफैंमा लज्जास्पद विषय भएकोले यस्ता सञ्चार माध्यमको व्यवसायिक धर्म र मान्यता विरुद्ध हुने तथ्यहीन र भ्रामक समाचारहरु सम्प्रेषण नगर्न तथा नगराउनुहुन सम्बन्धित सञ्चारकर्मी र सञ्चारमाध्यमलाई निगम अनुरोध गर्दछ । साथै आम नागरिक तथा सरोकारवालाहरुलाई यस्ता सूचना तथा समाचारबाट भ्रमित नहुन समेत हार्दिक अनुरोध गरिन्छ ।

नेपाल वायुसेवा निगम कान्तिपथ, काठमाडौं, नेपाल

मनोज कुमार साह
(प्राविधिक प्रवक्ता)

सुवास डाँगी
(प्रवक्ता)

नेपाल वायुसेवा निगम, पो.ब.नं. ४०१, काठमाडौं, नेपाल, फोन: ४२२०७५७ फ्याक्स : ०१-४२२५३४८
Email: general@nac.com.np, info@nac.com.np, Web: www.nepalairlines.com.np